# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, भदौ २७ गते २०५१ साल (संख्या २२


## भाग ३

श्री ५ को सरकार

**गृह मन्त्रालयको सूचना**

## हातहतियार खरखजाना (चौथो संशोधन) नियमावली, २०५१

हातहतियार खरखजाना नियमावली, २०२८ लाई संशोधन गर्न वान्छनीय भएकोले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "हातहतियार खरखजाना (चौथो संशोधन) नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना नियमावली, २०२८ को नियम २ मा संशोधन: हातहतियार खरखजाना नियमावली, २०२८ (यसपछि "मूल नियमावली"

286

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भनिएको) को नियम २ को खण्ड (ग) मा ठाउँ ठाउँमा रहेका "अञ्चल" भन्ने शब्दको सट्टा "जिल्ला" भन्ने शब्द राखिएको छ ।

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (३) झिकिएको छ ।

४. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (२) को खण्ड (क) मा रहेका "आवश्यक विवरण र दस्तूर लिई" भन्ने शब्दहरूको सट्टा "आवश्यक विवरण र पचास रूपैयाँ दस्तूर लिई" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को खण्ड (ख) मा रहेका "आवश्यक दस्तूर" भन्ने शब्दहरूको सट्टा "आवश्यक विवरण र पंचास रूपैयाँ दस्तूर" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (३) मा रहेका "तीस दिन भित्र सम्बन्धित" भन्ने शब्दहरू पछि "इजाजत पत्र पाउने व्यक्तिको स्थायी बसोबास भएको जिल्लाको जिल्ला प्रशासन कार्यालय र" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपनियम (३) पछि देहायको उपनियम (३ क) थपिएको छ- "(३ क) उपनियम (३) बमोजिम नगद प्राप्त भएपछि सम्बन्धित कार्यालयले त्यसको अभिलेख राख्नुपर्नेछ ।

५. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :- "(१) इजाजतपत्र दस्तूर अनुसूची ११(क) मा तोकिए बमोजिम हुनेछ ।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :- "(१क) यो नियमावली प्रारम्भ हुनुअघि अंचलभरको लागि जारी भएको इजाजतपत्रको नवीकरण दस्तूर अनुसूची ११क मा



२४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्लाभरको लागि तोकिएको नवीकरण दस्तूर सरह नै हुनेछ ।"

६. मूल नियमावलीको नियम १० मां संशोधन : मूल नियमावलीको नियम १० को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) इजाजतपत्र नवीकरण दस्तूर अनुसूची ११ क. मा तोकिए बमोजिम हुनेछ ।"

७. मूल नियमावलीको नियम १०क. मा संशोधन : मूल नियमावलीको नियम १०क. को, -

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुंदाको बखत जतिसुकै अवधिको निमित्त नवीकरण नगराएको हातहतियारहरूको इजाजतपत्र यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र नवीकरण गराउन ल्याएमा नवीकरण गर्ने अधिकारीले एक हजार रुपैयाँ दस्तूर लिई नवीकरण गरिदिनेछ ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१) मा तोकिएको" भन्ने शब्दहरूको सट्टा उपनियम "(१क) मा तोकिएको" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को, -

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) देहायको इजाजतपत्रको नवीकरण गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

| इजाजतपत्रको किसिम | नवीकरण गर्ने अधिकारी |
|---|---|
| (क) भरुवा बन्दुकको इजाजतपत्र | नगरपालिका वा गाउँ विकास समिति |
| (ख) भरुवा बन्दुक बाहेक | प्रमुख जिल्ला अधिकारी वा |



285 ०५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | अरू हातहतियारको इजाजतपत्र | सीमा प्रशासन अधिकृत |
| (ग) | हातहतियार खरखजाना उत्पादन गर्ने, मर्मत गर्ने तथा बिक्री गर्ने इजाजतपत्र | श्री ५ को सरकारको स्वीकृति लिई प्रमुख जिल्ला अधिकारी ।" |

(२) उपनियम ३ को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (१) को खण्ड (क) बमोजिम नगरपालिका वा गाउँ विकास समितिले र खण्ड (ख) बमोजिम सीमा प्रशासन अधिकृतले प्रत्येक वर्ष नवीकरण गरेको इजाजतपत्रको लगत सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ ।"

(३) उपनियम ३ पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) उपनियम (१) को खण्ड (क) बमोजिम नगरपालिका वा गाउँ विकास समितिले भरुवा बन्दुकको इजाजत नवीकरण गर्दा प्राप्त हुने दस्तूर सोही नगरपालिका वा गाउँ विकास समतिले आफ्नै खातामा राखी उपभोग गर्न पाउनेछ ।"

९. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेका "दश रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "पचास रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को, -

(१) उपनियम (५) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) उपनियम (५) पछि देहायको उपनियम (५क) र (५ख) थपिएको छ -

"(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो



२५० २४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमावली प्रारम्भ हुँदाको अवधिसम्म कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए यो नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र नामसारी गराउन निवेदन दिएमा इजाजत पत्र दिने अधिकारीले एक हजार रूपैयाँ दस्तूर लिई नामसारी गरिदिनेछ ।

(५ख) उपनियम (५क) मा तोकिएको म्यादभित्र पनि कसैले इजाजतपत्र नवीकरण नगराएमा वा हातहतियार खरखजानाको नामसारी नगरेमा त्यस्तो इजाजतपत्र स्वत खारेज हुनेछ र सम्बन्धित हातहतियार खरखजाना जफत हुनेछ ।"

११. मूल नियमावलीको नियम १९ग. मा संशोधन : मूल नियमावलीको नियम १९ग. को उंपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) नियम १९ख. बमोजिम मुआव्जा निर्धारण गर्न देहायका सदस्यहरू भएको एक मुआव्जा निर्धारण समिति रहने छ:-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको हकमा शाही नेपाली जंगी अड्डाले खटाएको प्रतिनिधि र अन्य जिल्लाको हकमा शाही नेपाली सेनाको स्थानीय व्यारेक प्रमुख - सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(घ) भन्सार कार्यालयको प्रमुख वा सो कार्यालय नभएको स्थानमा जिल्लास्थित अर्थ मन्त्रालय अन्तर्गतको कुनै कार्यालयको प्रमुख - सदस्य"

२२९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल नियमावलीमा नियम १९घ. थप : मूल नियमावलीको नियम १९ग. पछि देहायको नियम १९घ. थपिएको छ :-

"१९घ. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीका अनुसूचीहरूमा हेरफेर वा थपघट गर्न सक्नेछ।"

१३. मूल नियमावलीमा अनुसूची थप: मूल नियमावलीको अनुसूची ११ पछि यसैसाथ संलग्न अनुसूची (११क) थपिएको छ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ११क.

(नियम ९ को उपनियम (१) र नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## हातहतियार र खरखजानाको इजाजतपत्र दस्तूर एवं नवीकरण दस्तूर

(क) हातहतियार राख्ने इजाजतपत्र :-

| | इजाजतपत्र दस्तूर | | नवीकरण दस्तूर | |
|---|---|---|---|---|
| | जिल्लाभर | अधिराज्यभर | जिल्लाभर | अधिराज्यभर |
| १. पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल बाहेक अन्य राइफल प्रत्येकको रु. | | | ७५।- | १५०।- |
| २. टोटावाल बन्दूक वा मिनिएचर राइफल प्रत्येकको रु. | ९०।- | १८०।- | ४५।- | ९०।- |
| ३. भरुवा बन्दूक प्रत्येकको रु. | ४५।- | ७५।- | ३०।- | ६०।- |
| ४. हावादारी बन्दूक प्रत्येकको रु. | ३०।- | ४५।- | ३०।- | ६०।- |

(ख) हातहतियार खरखजाना उत्पादन गरी विक्री गर्ने इजाजतपत्र :-

| | | इजाजतपत्र दस्तूदर | नवीकरण दस्तूर |
|---|---|---|---|
| १. | हातहतियार मात्रको रु. | ८,०००।- | २,४००।- |
| २. | खरखजाना मात्रको रु. | ८,०००।- | २,४००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३. | हातहतियार खरखजाना दुवैको रु. १६,०००।- | ४,८००।- |

(ग) हातहतियार खरखजाना विक्री गर्ने इजाजतपत्र :-

| | | | |
|---|---|---|---|
| १. | हातहतियार मात्रको रु. | १,२००।- | ६००।- |
| २. | खरखजाना मात्रको रु. | १,२००।- | ६००।- |
| ३. | हातहतियार खरखजाना दुवैका रु. | २,४००।- | १,२००।- |

(घ) हातहतियार मर्मत गर्ने इजाजतपत्र रु. ४००।- १००।-

(ङ) यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) :-

१. पिस्तोल, रिभल्भर वा मिनिएचर राइफल बाहेक अन्य राइफल प्रत्येकको रु. ५०।-

२. टोटावाल बन्दूक वा मिनिएचर राइफल प्रत्येकको रु. २०।-

३. भरुवा बन्दूक प्रत्येकको रु. १०।-

**आज्ञाले,**

**भोजराज पोखरेल**

**श्री ५ को सरकारको सचिव**

२५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार